# गण्डकी प्रदेश समन्वय परिषदको दोस्रो बैठक

## स्थानीय तहमा योजना तर्जुमा प्रकृया

डा. गिरिधारी  शर्मा पौडेल

उपाध्यक्ष

नीति तथा योजना आयोग

गण्डकी प्रदेश, पोखरा

# यस प्रस्तुतीमा समाबेस भएका विषयहरु

१. स्थानीय तहले बनाउनु पर्ने आधारभूत दस्तावेजहरु ।

२. योजनाको अवधारणा ।

३. तीनतहका योजना बिच अन्तरसम्बन्ध ।

४. विकास अबधारणमा आएको विश्वव्यापी परिवर्तन ।

५. स्थानीयतहले आंफना योजना तर्जुमा गर्ने आधारहरु ।

६. स्थानीतहमा आवधिक योजना तर्जुमा चक्र ।

७. स्थानीयतहको बार्षिक कार्यक्रम र बजेट निर्माण ।

# स्थानीय तहले बनाउनु पर्ने आधारभूत योजना सम्बन्धी दस्तावेजहरु

१. गाउंपालीका/नगरपालीकाको स्थितिपत्र

२. आवधिक विकास योजना

३. त्रिबर्षिय मध्याबधि खर्च संरचना

४. वार्षिक कार्यक्रम र बजेट


५.वार्षिक प्रगती प्रतिवेदन

६. आवधिक विकास योजनाको मध्यावधि मूल्याङ्कन प्रतिवेदन

७. आवधिक विकास योजनाको अन्तिम मूल्याङ्कन प्रतिवेदन

८. कार्यक्रम दिगोपनको मूल्यांङ्कन प्रतिवेदन

# योजना के हो ?




- निर्दिष्ट अवधिमा निर्धारित लक्ष्य र उद्देश्य प्राप्तिको खाका
- सामाजिक विकासको उद्देश्य पूरा गर्न निश्चित अवधिभित्र हासिल गर्न लिइने लक्ष्य, नीति, रणनीति तथा कार्यक्रम
- कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि चाहिने स्रोत साधनको व्यवस्था
- प्राप्त हुने नतिजा सहितको दस्तावेज

# योजनाको उधेश्य

## प्रमुख उद्देश्य

- सीमित स्रोत साधनको कुशल तथा विवेकशील विनियोजन तथा उपयोग मार्फत तीव्र, सन्तुलित तथा दिगो विकास र समृद्धि हासिल गर्ने ।

## सहायक उद्देश्य

- निजी, सहकारी तथा गैर सरकारी क्षेत्रको लगानी तथा क्रियाकलापलाई समेत राष्ट्रिय लक्ष्य र प्राथमिकता तर्फ मुखरित गर्ने, सम्भावना वा अवसरको पहिचान र उपयोग गर्ने, वाह्य प्रभावको रोकथाम, न्यूनीकरण तथा नियमन गर्ने ।

# योजनाका प्रकार

## क. कार्यक्षेत्र र स्थानगत आधारमा

### (१) राष्ट्रिय आवधिक विकास योजना

- नेपाल सरकारले तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- मुलुकको समग्र विकास योजना तथा नीतिलाई मार्गदर्शन गर्ने ।

### (२) प्रादेशिक आवधिक विकास योजना

- प्रदेश सरकारले तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- प्रदेश भित्रको समग्र विकास योजना तथा नीतिलाई मार्गदर्शन गर्ने ।

### (३) स्थानीय तहको आवधिक विकास योजना

- स्थानीय तहले तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- स्थानीय तह भित्रको समग्र विकास योजना तथा नीतिलाई मार्गदर्शन गर्ने ।

# योजनाका प्रकार

## ख. समयका आधारमा

### (१) दीर्घकालीन योजना

- सामान्यतः १५ देखि २५ वर्ष अवधिको योजना ।
- लामो अवधिको दृष्टिकोण र सो अनुसारको लक्ष्य र रणनीति रहेको ।

### (२) मध्यमकालीन योजना

- आवधिक योजना (३ देखि ७ वर्ष अवधिको) ।
- मुख्यतया निर्वाचन अवधिलाई समेटेको ।
- मध्यमकालीन खर्च संरचना (३ वर्ष अवधिको चक्रीय योजना) ।

### (३) वार्षिक योजना

- वार्षिक विकास कार्यक्रम तथा बजेट ।
- वास्तविकतामा आधारित ।

# तीनतहका योजना बिच अन्तरसम्बन्ध

- दिगो विकासका लक्ष्यहरू हासिल गर्दै बिक्रम सम्बत २०८७ सम्म नेपाललाई मध्यम आम्दानी भएको मुलुकको रूपमा स्तरोन्नति गर्न ।
- विक्रम सम्बत २१०० सम्म नेपाललाई उच्च आय भएको मुलुकका रुपान्तरण गरी समृद्ध नेपाल सुखी नेपालीको दूरदृष्टी (Vision 2100) कार्यान्वयन गर्न ।
- नेपालले अंगिकार गरेका राष्ट्रिय नीति कार्यान्वयन गर्न ।
- पन्ध्रौ योजना कार्यान्वयन गर्न स्थानीय तहले संघलाई सघाउनु पर्ने विषयहरु ।
- प्रदेशको आवधिक योजना कार्यान्वयन गर्न स्थानीयतहले सघाउनु पर्ने विषयहरु ।
- तीनै तहको साझा अधिकार क्षेत्रमा प्रदेश र स्थानीयतहले संघलाइ सघाउनु पर्ने ।
- आ आंफ्ना एकल अधिकार क्षेत्रको समग्र विषयलाई निर्देशित गर्न ।

# विकास अवधारणामा आएका विश्वव्यापी परिवर्तन

| समय | बिश्वको विकास अवधारणा |
|---|---|
| सन १०५० को दशक | आर्थिक वृद्धि |
| सन १९६० को दशक | समता सहितको आर्थिक वृद्धि |
| सन १९७० को दशक | प्रविधि हस्तान्तरण |
| सन १९८० को दशक | आधारभूत आवश्यकताको पूर्ति |
| सन १९९० को दशक | भूमण्डलीकरण |
| सन २००० देखि २०१५ सम्म | सहस्राब्दि विकास लक्ष्य |
| सन २०१६ देखि २०३० सम्म | दिगो विकास लक्ष्य |
| | |

# स्थानीयतहले आंफना योजना तर्जुमा गर्ने आधारहरु


- नेपालको संविधान २०७२ को अनुसूची ८ मा व्यवस्था भएका एकल अधिकारका क्षेत्र ।
- नेपालको संविधानमा रहेका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र स्थानीयतहको अधिकार ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यक्षेत्रले निर्धारण गरेका क्षेत्र ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा रहेको व्यवस्था ।
- अन्तरसरकारी बित्त व्यवस्थापन ऐन २०७४ मा रहेको व्यवस्था ।
- संघीय तथा प्रादेशिक योजनाहरु ।
- दिगो विकास लक्ष्य २०७२–२०८७ ।

# स्थानीयतहले आंफना योजना तर्जुमा गर्ने आधारहरु

- प्रदेश सरकारले तय गरेका विकास लक्ष्य ।
- राष्ट्रिय भूउपयोग नीति २०६९ ।
- संघीय सरकारले जारी गरेका विकास सहायता नीति ।
- नेपाल पक्ष भएका अन्तरष्ट्रिय सन्धि सम्झौतामा ब्याक्त भएका प्रतिबद्धताहरु ।
- संघीय तथा प्रदेश सरकारले निर्माण गरेका अन्य मानकहरु ।

# योजना तर्जुमा चक्र

▪



१. योजना तर्जुमा प्रकृयाको पूर्वतयारी
२.समस्याको पहिचान
३. संभाब्य स्रोतको पहिचान
४.विकल्प खोजी र लेखाजोखा
५. योजनाको सोच, लक्ष्य, रणनीति, उद्देश्य र कार्यक्रम निर्धारण
६.आवश्यक स्रोत साधनको निर्धारण
७.योजना कार्यन्वयन योजना तर्जुमा
८.योजना अनुगमन तथा मूल्याङ्कन योजना
९.योजना स्विकृती र कार्यान्वयन
आवधिक योजना तर्जुमा चक्र

# स्थानीयतहको स्थितिपत्र तयार गर्ने

- स्थानीय तहको भौगोलिक चरित्र
- जनसंख्याको चरित्र
- भू-उपयोगको स्थिति
- शहरीकरण तथा वस्ती विकासको स्वरुप र चरित्र
- स्थानीयतहको आर्थिक स्थिति
- श्रमशक्ति तथा रोजगारीको स्थिति
- उद्योग तथा खानी क्षेत्रको स्थिति
- व्यापार, पर्यटन तथा सेवा क्षेत्रको स्थिति

## स्थानीयतहको स्थितिपत्र तयार गर्ने

- भौतिक पूर्वाधार, सञ्चार र प्रविधिको स्थिति
- शिक्षा तथा खेलकुदको स्थिति
- स्वास्थ्य, सरसफाइ, पोषण र खानेपानीको स्थिति
- समाज कल्याण तथा सामाजिक सुरक्षाको स्थिति
- उपेक्षित, उत्पिडित, पिछडावर्ग, दलित तथा जनजातीको स्थिति
- वन, वातावरण तथ जलवायु परिवर्तनको स्थिति
- संस्थागत स्रोत तथा क्षमता

# १. योजना तर्जुमा प्रकृयाको पूर्वतयारी

- स्थानीयतहको आवधिक विकास योजना तर्जुमा पद्धतिको छनोट गर्ने ।
- विषय क्षेत्रगत योजना तर्जुमा समिति निर्माण गर्ने ।

(१) आर्थिक विकास समिति (दिगो विकास लक्ष्य १,२, ८, र १२)

(२) सामाजिक विकास समिति (दिगो विकास लक्ष्य ३,४,५, ६, १०)

(३) पूर्वाधार विकास समिति (दिगो विकास लक्ष्य ७,९ र ११)

(४) वातावरण तथा विपद व्यवस्थापन समिति (दिगो विकास लक्ष्य १३ र १५)

(५) संस्थागत विकास तथा सेवा प्रवाह समिति (दिगो विकास लक्ष्य १६)

(६) बित्तीय व्यवस्थापन र शुसासन समिति (दिगो विकास लक्ष्य १७)

- विषयक्षेत्रगत योजना तर्जुमा समितिका काम, कर्तव्य र अधिकार प्रष्ट गर्ने ।
- सहभागितामुलक योजना तर्जुमा कार्यशाला आयोजना गर्ने ।

# २. स्थानीय तहका समस्याहरुको पहिचान गर्ने

- आवधिक विकास योजनाहरु बीचको परिपूरकता विश्लेषण गर्ने ।
- स्थानीयतहको संस्थागत क्षमता विश्लेषण गर्ने ।
- राजनैतिक घोषणापत्रहरु विश्लेषण गर्ने ।
- सार्बजानिक सेवा प्रबाहको स्थिति र समस्या विश्लेषण गर्ने ।
- पूर्वाधारको  स्थिति र समस्या विश्लेषण गर्ने ।
- आर्थिक स्थिति र समस्या विश्लेषण गर्ने ।
- स्थानीय तहका सबल र कमजोर पक्ष तथा उनीहरुका अवसर र चुनौतीहरुको  विश्लेषण गर्ने ।
- सरोकारवलाको विश्लेषण गर्ने ।

# ३. परिचालन गर्न सकिने सम्भाव्य स्रोतको पहिचान गर्ने

- संघीय संरचनामा एकल अधिकार क्षेत्रका स्रोत उपर स्थानीयतहको आंफनो अधिकार स्थापित रहेकोले अधिकारक्षेत्र भित्र परिचालन तथा उपयोग सम्भाव्य स्रोत पहिचान (Identification) र सम्भाव्यता (Potential /viability) विश्लेषण गर्ने ।
- सम्भाव्य स्रोतको आधारमा आवधिक योजनाका लागि थप लगानीको आवश्यक अनुमान गर्ने ।

# ४. समस्या समधान गर्ने विकल्पको खोजी

| क्रम संख्या | समस्या | तत्कालिन परिणम र असर | मुख्य कारण | समधानका सम्भावित उपायहरु | सम्भावित उद्देश्य | समस्या समधानको लागि लिनुपर्ने रणनीति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ५. योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रम निर्धारण

- आवधिक योजना तर्जुमा गर्ने निर्देशक सिद्धान्तहरू निर्धारण गर्ने ।
- नतिजा शृङ्खला निर्धारण गर्ने ।

| विकासका नतिजाहरू (Development results) | |
|---|---|
| | प्रभावहरु (Impacts) |
| | असरहरु (Outcomes) |
| | परिणाम वा उपज वा उत्पादनहरु (Outputs) |
| | गतिविधिहरू (Activities) |
| | साधन तथा श्रोतहरु (Inputs) |

# ५. योजनाको सोच, लक्ष, उद्देश्य, रणनीति र कार्यक्रम निर्धारण

- दीर्घकालिन सोच निर्धारण गर्ने ।
- लक्ष्य निर्धारण गर्ने ।
- उद्देश्य निर्धारण गर्ने ।
- विषय क्षेत्रगत उद्देश्य र परिपूरकता एकिन गर्ने ।
- रणनीति निर्धारण गर्ने ।
- कार्यक्रम निर्माण गर्ने ।
- कार्यक्रम/आयोजनाको सम्भाव्यता अध्ययन गर्ने ।
- कार्यक्रमहरुको प्राथमिकता निर्धारण गर्ने ।
- आयोजनाहरूको सूची तयार गर्ने ।
- एकीकृत आवधिक योजना तर्जुमा समिति निर्माण गर्ने ।
- विषयगत खाकाको तयारी गर्ने ।

## ६.आवश्यक स्रोत साधनको विश्लेषण

- आयोजनाहरुको लागि वार्षिक तथा आवधिक लगानी प्रक्षेपण गर्ने ।
- आन्तरिक स्रोतको विश्लेषण र प्रक्षेपण गर्ने ।
- विकास साझेदार संस्थाबाट प्राप्त हुने स्रोतको विश्लेषण र प्रक्षेपण गर्ने ।
- निजी क्षेत्रबाट परिचालन हुने सम्भाव्य स्रोतको विश्लेषण र प्रक्षेपण गर्ने ।
- गैरसरकारी संस्था बाट परिचालन हुने स्रोतको विश्लेषण र प्रक्षेपण गर्ने।
- आवधिक योजना अवधिमा परिचालन सम्भाव्य कुल स्रोतको अनुमान गर्ने।
- आवश्यक जनशक्तिको आंकलन गर्ने ।
- नपुग स्रोतको व्यवस्थापन गर्ने ।
- बजेट तयार गर्ने ।

# ७. योजना कार्यान्वयन योजना

| क्रम सं | आयोजनाको नाम | आयोजना कार्यान्वयन बिधि | आयोजनाका मुख्य मूख्य परिणाम सूचकहरु | कार्यान्वयनको लागि चाहिने स्रोत | | | जिम्मेवार व्यक्ति | कार्य प्रारम्भ गर्ने मिति | कार्य सम्पन्न हुने मिति | प्रगती प्रतिवेदन बुझाउने समय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेटरु | जन शक्ति | भैातिक सामाग्री | | | | |
| | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |

# ८. योजना अनुगमन तथा मूल्याङ्कंकन योजना

- अनुगमन योजना बनाउने ।
- अनुगमन प्रणालीको छनौट गर्ने ।
- नतिजा खाकाको निर्माण गर्ने ।
- अनुगमन प्रगती प्रतिवेदन प्रणालीको विकास गर्ने ।
- मूल्याङ्कन  योजना बनाउने ।

## ९.योजनाको स्विकृती र कार्यान्वयन

विषयगत समितिले तयार गरेका क्षेत्रगत योजनाको आवधिक विकास योजना दस्तावेजमा लिपिबद्ध गर्न एक कार्य टोली गठन गर्ने जस्मा:

- उपप्रमुख/उपाध्यक्ष –संयोजक
- प्रमुख प्रशासकीय अधिकृत –सदस्य
- कार्यपालिकाले तोकेका दुइ जना शाखा कार्यलय प्रमुख – सदस्य
- आवश्यकता अनुसारका विषयबिज्ञहरु –सदस्य
- आवधिक विकास योजना तयार भइसकेपछि स्थानीय सरकारले विधायिकी प्रकृया पूरा गरी गाउं/नगर सभाबाट स्वीकृत गराउनुपर्छ।
- स्वीकृत आवधिक विकास योजना दस्तावेज सर्वसाधारणको जानकारीका लागि छपाईगरी प्रकाशन गर्ने।
- स्वीकृत योजना कार्यान्वयनमा लैजाने।

# स्थानीय तहमा बार्षिक योजना तर्जुमा

- चरण १–वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ति
- चरण २ –स्रोत अनुमान र बजेट सीमा तथा प्राथमिकता निर्धारण
- चरण ३ –वडा स्तरको योजना तर्जुमा
- चरण ४– वडा समितिबाट आयोजना/कार्यक्रम प्राथमिकता निर्धारण
- चरण ५–एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा
- चरण ६ –कार्यपालिकाबाट स्वीकृति
- चरण ७–गाउ/नगर सभाबाट स्वीकृति

ध्यानपूर्वक सुनिदिनु भएकोमा धन्यवाद